# लालबन्दी नगरपालिकाको
# सम्मानित छैठौँ नगरसभामा
# नगर उप प्रमुख श्री शान्ति कुमारी लामा द्वारा प्रस्तुत
# आ.ब. २०७८/०७९ को
# संक्षिप्त बजेट वक्तव्य

## २०७८/०३/१० गते, बिहिवार

## लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

# लालबन्दी नगरपालिकाको छैठौं नगर सभाको उद्घाटन समारोहमा नगर उपप्रमुख श्री शान्ति कुमारी लामाद्वारा प्रस्तुत आ.ब. २०७८/०७९ को बजेट वक्तव्य

**नगर सभामा प्रस्तुत मिति : २०७८/०३/१०**

लालबन्दी नगरपालिकाको सम्मानित छैठौं नगर सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,

उपस्थित वडाध्यक्ष, कार्यपालिका सदस्य लगायत यस नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,

सभाका सदस्य सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,

नगर कार्यपालिकाका सम्पूर्ण शाखा प्रमुख साथै सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरु,

सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरु,

पत्रकार साथिहरु तथा सम्पूर्ण नगरवासी महानुभावहरु,

दोश्रो लहरको कोरोना माहामारीले अर्थतन्त्रमा पारेको अत्यन्त असहज अवस्थाबाट हामी नगरवासीहरु समेत प्रभावित भैरहेको यस संकटपूर्ण अवस्थामा स्वास्थ्य मापदण्डको पालना गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी बार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्यमा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका सम्पूर्ण उपस्थित महानुभावहरु प्रति गरिमामय उपस्थितिका लागि हार्दिक आभार प्रकट गर्दछु ।

१. लालबन्दी नगरपालिकाको उप प्रमुखको हैसियतले सम्मानित छैठौं नगर सभा समक्ष आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम कार्यान्वयनको दस्ताबेजको रुपमा रहेको बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै

गौरवान्वित महसुस गर्दछु । यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धि तथा संघीय शासन प्रणाली स्थापित गर्नका लागि संघर्ष गर्नुहुने महान नेपाली जनता र नेतृत्वमा रहनु भएका राजनीतिका शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्दछु ।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, लालबन्दी नगरपालिकाको आर्थिक विधेयक, २०७८, विनियोजन विधेयक, २०७८, बार्षिक नीति तथा कार्यक्रम, २०७८, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, नगरपालिकाका विषयगत समितिका सुझावहरु, दिगो विकासका लक्ष्य, नगर सभाका सदस्यज्यूहरुले दिनु भएका सुझावहरु, विषय विज्ञयका सुझाव तथा राजनीतिक दलहरु, संघ-संस्था, नगरपालिकाका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त महत्वपूर्ण तथा कार्यान्वयनयोग्य सुझावहरुलाई समेत समेटी आ.ब. २०७८/०७९ को बजेट तर्जुमा गरिएको छ ।

**सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,**

**नगर सभाका सदस्यज्यूहरु तथा उपस्थित महानुभावज्यूहरु,**

३. लालबन्दी नगरपालिकाको चालु आ.ब.को आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु । चालु आ.ब. २०७७/०७८ को लागि अन्य क्षेत्र बाहेकको कूल अनुमानित आय रु.१ अर्व, ०७ करोड, ०७ लाख, ६२ हजार (पुरक बजेट तथा थप अख्तियारी समेत) र व्यय तर्फ पनि रु.१ अर्व, ०७ करोड, ०७ लाख, ६२ हजार (पुरक बजेट तथा थप अख्तियारी समेत) अनुमान गरिएको थियो । अनुमानित आयमा हालसम्म सम्म नगरले संघ, प्रदेश र आन्तरिक श्रोत तर्फको वास्तविक आय रु.७८

करोड, ०९ लाख, ०१ हजार, ३ सय ४२ रुपैया प्राप्त भएको छ । चालु आ.ब.को करिब २० दिन अझै बाँकी रहेकोले यसमा केही रकम बृद्धि हुने देखिन्छ ।

४. व्यय तर्फ चालु शिर्षकमा रु.४९ करोड, ९७ लाख, ९३ हजार, विनियोजन भएकोमा हालसम्म रु. ३१ करोड, ६० लाख, ९३ हजार अर्थात ६३.२४ प्रतिशत र पुँजिगततर्फ ५७ करोड, ९ लाख, ६९ हजार विनियोजन भएकोमा हालसम्म रु. २२ करोड, ३८ लाख, १३ हजार अर्थात ३९. १९ प्रतिशत गरी कुल खर्च ५३ करोड, ९९ लाख, ७ हजार रुपैया अर्थात ५०.४२ प्रतिशत खर्च भएको छ । चालु आ.ब.का आयोजनाहरु कार्यान्वयनका क्रममा रहेका तथा कतिपय कार्यक्रमहरुको भुक्तानी बाँकी रहेको हुँदा नगरपालिकाको खर्च प्रतिशतमा आषाढ मसान्तसम्ममा उल्लेख्य बृद्धि हुनेनै छ ।

५. अब म आगामी वर्ष २०७८/०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्य निम्नानुसार रहेका छन् ।

क) कोभिड-१९ बाट प्रभावित व्यक्तिको उपचार र क्वारेन्टाईन व्यवस्थापन,

ख) नगरवासीहरुको मौलिक हकको रुपमा रहेको न्यूनतम आधारभूत आवश्यकताहरु परिपूर्ति गर्दै जाने,

ग) नीजि तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने,

घ) साधन-श्रोत, अवसर र क्षमताको विकास तथा सो को उच्चतम उपयोग गरी समृद्ध नगर बनाउने,

ङ) आर्थिक, भौतिक, सामाजिक र वातावरणीय पूर्वाधार विकास गरी समुन्नत र सुदृढ नगर बनाई मुलुकको विकासमा टेवा पुर्‍याउने ।

६. आर्थिक वर्ष २०७८/०७९ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) स्वास्थ्य सेवामा सुधार एवं पहुँच,

ख) शैक्षिक उन्नयन एवं युवा तथा खेलकुद,

ग) भौतिक पूर्वाधार, शहरी सौन्दर्य, भू-उपयोग,

घ) कृषि तथा पशु विकास,

ङ) वातावरण संरक्षण एवं विपद् व्यवस्थापन,

च) रोजगारी सिर्जना तथा सहकारी क्षेत्रको प्रवर्द्धन,

छ) लक्षित वर्गको उत्थान एवं सशक्तीकरण र सामाजिक समावेशीकरण,

ज) प्रविधि प्रयोगमा जोड तथा डिजिटल प्रणालीको अवलम्बन,

झ) संस्कृति तथा पर्यटन प्रवर्द्धन,

ञ) उद्योग वाणिज्य र नीजि क्षेत्रसँग सहकार्य,

ट) राजश्व प्रशासन तथा प्रभावकारी वित्त व्यवस्थापन ।

७. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय तहहरु, विकासको सहयात्रीको रुपमा रहेका निजी तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्न अधिकतम प्रयास गरिएको छ ।

**सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,**

**नगर सभाका सदस्यज्यूहरु तथा उपस्थित महानुभावज्यूहरु,**

८. अब म यस नगरपालिकाको आगामी आ.ब. २०७८/०७९ को विषयगत क्षेत्र तथा कूल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.ब. २०७८।०७९ को कुल आय रु. १ अर्व, ४ करोड, ७९ लाख, ५२ हजार ८ सय ८६ रुपैया अनुमान गरिएको छ। केन्द्रीय र प्रदेश सशर्त अनुदानबाट रु. ३३ करोड, ३४ लाख अनुमान गरिएको छ। त्यस्तै समानिकरण अनुदानबाट १८ करोड १७ लाख ३ हजार अनुमान गरिएको छ। समपुरक अनुदानबाट १ करोड ५९ लाख, विशेष अनुदानबाट ५ करोड २८ लाख, राजश्व बाँडफाँटबाट १३ करोड, ३८ लाख, २२ हजार ८३१ रुपैया अनुमान गरिएको छ। त्यस्तै आन्तरिक श्रोत तर्फ रु.६ करोड, १३ लाख, २७ हजार, ५४ रुपैया अनुमान गरिएको छ। रु. २ करोड नगद मौज्दात रहने अनुमान गरिएको छ। सामाजिक सुरक्षा तथा संरक्षणमा २२ करोड ५० लाख, लागत सहभागिताबाट २ करोड र सडकबोर्ड नेपालबाट रु. ४० लाख आय अनुमान गरिएको छ।

१०. अब म क्षेत्रगत कार्यक्रम र विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु। आगामी आ.ब.को लागी कुल आय बराबरनै अर्थात १ अर्व, ४ करोड, ७९ लाख, ५२ हजार ८ सय ८६ रुपैया व्यय अनुमान गरिएको छ। केन्द्रीय सशर्त अनुदान मार्फत सञ्चालन हुने कार्यक्रममा ३२ करोड ५४ लाख र प्रदेश सशर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरुमा ८० लाख खर्च हुने अनुमान गरिएको छ। त्यस्तै केन्द्रीय र प्रदेश समपुरक अनुदान तर्फ १५ करोड, ९० लाख व्यय अनुमान गरिएको छ। केन्द्रीय र प्रदेश विशेष अनुदानमा ५ करोड २८ लाख विनियोजन गरिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणमा २२ करोड ५० लाख अनुमानित व्यय अनुमान गरिएको छ। सडकबोर्ड नेपालबाट सञ्चालन हुने कार्यक्रममा ४० लाख व्यय अनुमान गरिएको छ। सञ्चालन हुने आयोजनाहरुमा लागत सहभागिता रकम रु. २ करोड बराबर व्यय हुने अनुमान छ। चालु आ.ब.को क्रमागत र भुक्तानी बाँकी योजनाहरुमा २ करोड खर्च हुने गरि विनियोजन गरिएको छ। अनिवार्य दायित्व लगायतका प्रशासनिक प्रकृतिका चालु खर्चमा १२ करोड १२ लाख ७२ हजार विनियोजन गरिएको छ। त्यस्तै विषयगत सहित नगरस्तरबाट सञ्चालन हुने कार्यक्रममा ११ करोड, ६९ लाख, १७ हजार, ८ सय ८६ रुपैया

विनियोजन गरिएको छ । वडा नं. १ देखी १७ सम्म कुल वडागत कार्यक्रम सञ्चालनको लागी रु. १३ करोड, ८६, लाख, ६३ हजार बजेट विनियोजन गरिएको छ ।

११. अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, विज्ञ महानुभावहरु, राजनीतिक प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी एवं अहोरात्र खटिने नगरपालिकाको सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै आय र क्षेत्रगत व्ययको विस्तृत विवरण सहितको रातो पुस्तिका शिघ्र सार्वजनिक गरिनेछ ।

धन्यवाद् ।

**शान्ति कुमारी लामा**
**उप-प्रमुख**
**लालबन्दी नगरपालिका, सर्लाही**

**इति सम्बत् २०७८ साल असार १० गते रोज ५ शुभम् ॥**